लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज, बाँके

पत्र संख्याः ०७९।८०
सुचना नं. : ०३

## प्रस्ताव आव्हान सम्बन्धि सुचना

प्रथम पटक सुचना प्रकाशित मितिः २०७९/०९/२६

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,बाँकेको आर्थिक बर्ष २०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी बिकास कार्षक्रमा सहभागी हुन इच्छुक आवदेकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ( मिति २०७९/१०/१० गते सम्म ) यस कार्यालय समयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नु पर्ने कागजात संचालन कार्षविधि यस कार्यालयको सूचनापाटी वा वेवसाइट *www.banke.vethos.gov.np* बाट प्रास गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क न ०८१-५३०२५४ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्रास हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल

| क स | कार्यक्रम | न्यूंनतम मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापाहरु | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवदेकको किसिम | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | मागमा आधारित व्यवसायिक पशुपन्छी बिकास कार्यक्रम | बिगत ३ बर्ष भित्र १ लाख भन्दा बढी अनुदान प्राप्त गरेको अनुदानग्राहाहरु यस कार्यक्रममा समावेश गरिने छैन ।<br>देहायका पशु/बस्तुमा तपशिल बमोजिमको न्यूनतम् मापदण्ड पुरा गर्ने गरि माग गर्नुपर्ने र तल दिइएको मापदण्ड यस अघि पुरा गरी सकेको भए कार्यक्रम संचालन पश्चायत १० प्रतिशत संख्या बृद्धि हुनुपर्ने ।<br>प्रमाणित विपद् प्रभावित कृषकहरुलाई प्राथमिकता दिईने । | पशुपन्छीजन्य प्रदार्थको उत्पादन उत्पादकत्व बृद्धि बजारिकरण,प्रशोधन तथा बिबिधिकरणमा टेवा पुग्ने गरी कार्यक्रम संचालन गर्नु पर्नेछ । | बाँके जिल्ला | फर्म/समुह/सहकारी/समिति/कम्पनी | समुह,सहकारी,सामुदायिक पुर्वाधार निर्माण,नक्सको हकमा भने ७५ प्रतिशत अनुदान ।<br>निजी पुर्वाधारको हकमा ५० प्रतिशत ।<br>यन्त्र उपकरण/अन्य सामाग्रीहरुको हकमा ५० प्रतिशत ।<br>प्रति आयोजना बढीमा रु.२ लाख अनुदान । |

| पशु/बस्तु | तराई | पहाड |
|---|---|---|
| भेडा माउ | १५ | १५ |
| बाख्रा माउ | १५ | १५ |
| गाई माउ | ५ | ५ |
| भैसी माउ | ५ | ३ |
| बंगुर माउ | १५ | १० |
| कालिज माउ/स्थानिय कुखुरा माउ | ५०० | ३०० |
| दुध विविधिकरण (लि.) | ३०० | २०० |
| मासु प्रशोसधन (प्रति दिन के.जी.) | १०० | ५० |

<table>
<tr>
<td>२</td>
<td>बाली वस्तु बिशेष प्रबर्धन कार्यक्रम</td>
<td>पशुपन्छी तोकिएको कार्यक्रमको हकमा सोही अनुसार र पशुपन्छी नतोकिएको हकमा तपशिलको सुची अनुसार कार्यालयले प्राथमिकता प्रास पशुपन्छी मध्ये बढीमा २ वटा पशुपन्छी तोकी कार्यक्रम संचालन गर्नु पर्नेछ ।<br>निजि फर्म/समुह/सहकारी/समिती/कम्पनीले देहायका पशुपन्छी/बस्तुहरुमा तपशिल बमोजिमको न्यूंनतम मापदण्ड पुगेकाले मात्र माग गर्नुपर्ने ।
<table>
<tr><th>पशु/बस्तु</th><th>तराई</th><th>पहाड</th></tr>
<tr><td>बाखा माउ</td><td>२५</td><td>२५</td></tr>
<tr><td>भेडा माउ</td><td>५०</td><td>५०</td></tr>
<tr><td>गाई माउ</td><td>१५</td><td>१०</td></tr>
<tr><td>भैसी माउ</td><td>१५</td><td>१०</td></tr>
<tr><td>बंगुर माउ</td><td>२५</td><td>१०</td></tr>
<tr><td>कालिज लोकल/ कुखुरा माउ</td><td>३००</td><td>२००</td></tr>
<tr><td>हाँस माउ</td><td>३००</td><td>२००</td></tr>
<tr><td>बट्टाई</td><td>१०००</td><td>१०००</td></tr>
<tr><td>जलाशय माछा (हे.)</td><td>१</td><td>१</td></tr>
</table>
बिगत ३ बर्ष भित्र बाखा,माछा,बंगुरको हकमा १ लाख र गाई वा भैसीको हकमा २ लाख भन्दा बढी अनुदान प्रास गरेको अनुदानग्राहीहरु यस कार्यक्रममा समावेश गरिने छैन ।<br>कार्यक्म संचालन पश्चात् १० प्रतिशत क्षमता/संख्या बृद्धि हुनुपर्ने ।</td>
<td>छनौट भएका फर्म/उद्यमी कृषकले कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने ।<br>खोर/गोठ निर्माण/सुधार ।<br>मेशिनरी औजार ।<br>पोषणयुक्त घाँस सहित आहारा ।<br>नश्ल सुधार ।<br>औषधी तथा खोप,परिजिवी नियन्त्रण ।<br>क्षमता अभिबृद्धि ।<br>जैविक सुरक्षा ।<br>बजारिकरण ।<br>पोखरी निर्माण/सुधार ।</td>
<td>बाँके जिल्ला</td>
<td>फर्म/समुह/सहकारी/समिती/कम्पनी</td>
<td>स्वीकृत आयोजनामाः<br>समुह,सहकारी,सामुदायिक पुर्वाधार निर्माण,नश्लको हकमा ७५ प्रतिशत ।<br>निजी पुर्वाधारको हकमा ५० प्रतिशत ।<br>यन्त्र उपकरण/अन्य सामाग्रीहरुको हकमा ५० प्रतिशत ।<br>प्रति आयोजना बढीमा रु.२ लाख अनुदान ।</td>
</tr>
</table>

संलग्न गर्नु पर्ने कागजातहरु

१. निवेदन (अनुसुचि ३८ बमोजिम) ।
२. प्रस्ताबकको नागरिकताको प्रतिलिपि ।
३. दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फर्म/कम्पनी/सहकारी) ।
४. स्थायी लेखा नम्बर प्रमाण – पत्र प्रतिलिपी ।
५. कार्यक्रम संचालनको लाग कार्ययोजना सहितको प्रस्ताव (अनुसुचि ३७ बमोजिम) ।
६. सम्बन्धित स्थानीय तहको सम्बन्धी शाखाको सिफारिस पत्र ।
७. समुह/समिति/सहकारी/कम्पनीको हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि ।
८. अनुमानित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा) ।
९. जग्गा धनि दर्ता प्रमाण पूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा वडा कार्यालयबाट प्रमाणित करारनामा ।
१०. अनुदानग्राहीले सोही कार्यको लागि बिगत तिन बर्ष भित्र अनुदान रकम नपाएको स्वःघोषणा पत्र(अनुसुचि - ४१)

नोट: सूचनामा छुट हुन गएका बुँदाहरु कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९ मा भएको व्यवस्था वमोजिम गरिने छ ।

कमल चन्द
अधिकृत छैठौं

कमला अधिकारी
प्रमुख
बरिष्ठ मत्स्य विकास अधिकृत

**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**नेपालगंज, बाँके**

पत्र संख्याः ०७९।८०
सुचना नं. : ०४

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

दोश्रो पटक सुचना प्रकाशित मितिः २०७९/०९/२६

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,बाँकेको आर्थिक बर्ष २०७९/८० को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी विकास कार्षक्रमा सहभागी हुन इच्छुक आवदेकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ( मिति २०७९/१०/१० गतें सम्म ) यस कार्यालय समयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नु पर्ने कागजात संचालन कार्यविधि यस कार्यालयको सूचनापाटी वा वेवसाइट *www.banke.vethos.gov.np* बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क न ०८१-५३०२५४ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल

| क्र स | कार्यक्रम | न्यूनतम मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापाहरु | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवदेकको किसिम | अनुदान (सिमा रकम/प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | माछापालनका लागि नयाँ पोखरी निर्माण अनुदान | पानीको स्थायी स्रोतका लागि बोरिङ्ग वा खोला/कुलो/नहरको व्यवस्था भएको हुनुपर्ने ।<br><br>तराईको हकमा कम्तिमा ३ कठ्ठा र पहाडी क्षेत्रमा १ रोपनी भन्दा बढी जलाशय क्षेत्रफल कायम हुने गरि नयाँ पोखरीको निर्माण गर्नुपर्ने ।<br><br>पोखरी निर्माणको लागि माटो उपयुक्त हुनुपर्ने ।<br><br>नयाँ निर्माण गरिने पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनुपर्ने वा ठेक्कामा लिएको भए सम्झौता कम्तिमा १० बर्षको र सार्वजनिक जग्गाको हकमा ५ बर्षको हुनुपर्ने ।<br><br>सडक,बिजुली बत्तीको सुविधा भएको हुनुपर्ने ।<br><br>पोखरीको गहिराई कम्तिमा १.२ मिटर हुनुपर्ने ।<br>कार्यालयले दिएको मापदण्ड पुरा गर्नुपर्ने । | कार्यालयले उपलब्ध गराएकोले आउट तथा डिजाईन अनुसार आवेदकले नयाँ पोखरी निर्माण गर्नुपर्ने | बाँके जिल्ला | कृषक/फर्म/कृषि उधमी/कम्पनी/कृषक समुह/सहकारी संस्था/उपभोक्ता | स्वीकृत बजेटको परिधि भित्र कार्य योजना तयार पारी जलाशयको क्षेत्रको कुल लागत खर्चको अधिकतम ५० प्रतिशत अनुदान रक वा प्रति हेक्टर रु. अधिकतम ५ लाख दिन सकिने । |

संलग्न गर्नु पर्ने कागजातहरु

लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज, बाँके

२. प्रस्तावकको नागरिकताको प्रतिलिपि ।

३. दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फर्म/कम्पनी/सहकारी) ।

४. स्थायी लेखा नम्बर प्रमांण – पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

५. कृषक तथ कृषक समुहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।

६. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसुचि ३७ बमोजिम) ।

७. सम्बन्धित स्थानीय तहको सम्बन्धी शाखाको सिफारिस पत्र ।

८. समुह/समिति/सहकारी/कम्पनीको हकमा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि तथा गत आ.व.को लेखा परिक्षण प्रतिवेदन ।

९. दोहोरो अनुदान नलिएको स्व:घोषणा पत्र (अनुसुचि -४१)

१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा डिजाइन/जग्गा प्रमाण पूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा वडा कार्यालयबाट प्रमाणित करारनामा ।

११. रु.१० को टिकट टाँस गरी खामबन्दी प्रस्ताव पेश गर्नुपर्ने ।

नोट: सूचनामा छुट हुन गएका बुँदाहरु कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७९ मा भएको व्यवस्था वमोजिम गरिने छ ।

कमल चन्द
अधिकृत छैठौं

कमला अधिकारी
प्रमुख
बरिष्ठ मत्स्य विकास अधिकृत